# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा शाखा
बिर्तामोड,झापा
१ नं. प्रदेश, नेपाल

फोन नं.-०२३ -५४५८००

प.स २०७६/०७७
च.नं. ४९६

मितिः २०७६/१०/१४

विषय : नगर स्तरीय खेलकुद महोत्सव तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

श्री सबै समुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु
बिर्तामोड नगरपालिका, झापा ।

प्रस्तुत विषयमा विर्तामोड नगरपालिका, नगर खेलकुद विकास समिति, प्याप्सन तथा एन प्याप्सनको संयुक्त आयोजनामा मिति २०७६/१०/२७ गते देखि विर्तामोड नगरपालिका अन्तर्गत श्री डोमालाल रंगशाला विर्ताबजारमा नगर स्तरीय खेलकुद महोत्सव तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन हुने भएकोले तपसील अनुसार गर्न गराउन अनुरोध छ ।

तपसिल

खेल संचालन हुने विधाहरु

१. एथलेटिक्स: छात्र/छात्रा २. कवड्डी: छात्र/छात्रा ३. चेस: छात्र/छात्रा
४. भलिवल: छात्र/छात्रा ५. कराँते: छात्र/छात्रा ६. टेवल टेनिस: छात्र/छात्रा
७. व्याडमिन्टन छात्र/छात्रा ८. तेक्वान्दो छात्र मात्र ९. क्रिकेट छात्र मात्र
१०. बास्केटवल छात्र मात्र ११. फुटवल छात्र मात्र

२. विद्यालयले खेलाडी छनौट गर्दा विद्यालयमा नियमित रुपमा अध्ययनरत तथा १८ वर्ष पुरा नभएको हुनुपर्नेछ । यसका लागि विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र/ अन्य कुनै जन्ममिति खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

३. विद्यालयहरुले नगर खेलकुद विकास समितिले तोकिएको फारममा सहभागी विद्यार्थीको फोटो टाँसगरी प्रधानाध्यापकले प्रमाणित गरी फाराम सहित भाग लिने विद्यार्थी विवरण पेश गर्नुपर्ने छ । झुटा विवरण पेश गरी सहभागी गराएमा विद्यालय स्वयं जवाफदेही हुनु पर्नेछ ।

४. उक्त खेलकुद कार्यक्रममा सहभागी बालबालिकाहरुलाई उनीहरुको क्षमता मूल्याङ्कन गरी नगर खेलकुद विकास समितिले प्रशिक्षण/तालिम व्यवस्था गरी क्षमता विकास समेत गर्ने कार्यक्रम रहेको हुँदा सबै माध्यमिक (सामुदायिक/संस्थागत) विद्यालयहरुले उपरोक्त विभिन्न विद्यामा विद्यार्थीहरुलाई अनिवार्य सहभागी गराउने व्यवस्था गर्नुपर्ने छ ।

५ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अन्तर्गतका विधाका उत्कृष्ट खेलाडीहरुलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रममा सहभागी हुन पठाइनेछ ।

६.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अन्तर्गतका एक विद्यामा एक खेलाडीले मात्र खेल खेल्न पाउने हुदा सो अनुसार विवरण पठाउनु पर्नेछ ।

७. सबै विद्यालयले उपरोक्त बमोजिमको विद्यागत रुपमा सहभागि हुने विद्यार्थीको जन्म अभिलेख सहितको संलग्न फाराम अनुसारको विवरण मिति २०७६/१०/२५ गते भित्र नगर खेलकुद विकास समितिको कार्यालय महेन्द्ररत्न मा वि को स्रोतकेन्द्र हलमा अनिवार्य रुपमा बुझाई सक्नुपर्ने छ ।

थप जानकारीका लागि विर्तामोड नगरपालिकाको वेभसाइट Birtamodmun.gov.np मा हेर्न सकिनेछ ।

तिलकचन्द्र अधिकारी
उपसचिव



Scanned by CamScanner

स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद

# बिर्तामोड नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, झापा

## नगर स्तरीय खेलकुद महोत्सव तथा बाह्रौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

## २०७६

## सहभागी खेलाडी आवेदन फाराम

विद्यार्थीको फोटो

१. सहभागी विद्यार्थीको नाम:

२. विद्यालयको नाम र ठेगाना:

३. अध्ययनरत कक्षा:

४. जन्ममिति:

५. सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

**उल्लेखित ब्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने**

प्रधानाध्यापकको

नाम:

हस्ताक्षर:

मिति:

सम्पर्क नं. :

विद्यालयको छाप :

Scanned by CamScanner